अनुसूची १२

कार्यविधिको दफा १५ (७) सँग सम्बन्धित पोषण सहजकर्ताको कार्यविवरण

क. उत्तरदायित्व

- सम्पर्क विन्दु तोकिएको शाखा प्रमुखको मातहतमा रही सम्बन्धित विषयगत शाखा प्रमुखहरुसँगको समन्वयमा प्रमुख प्रशासकीय अधिक अधिकृत प्रति समेत उत्तरादायी हुँदै कार्यसम्पादन गर्ने ।

ख. जिम्मेवारी

१. समन्वय र पैरवी

- स्थानीय तहको कार्यालय परिसरमा पोषण कर्नर/पोषण नाङ्लो प्रर्दशनी स्थापना गरी पोषण सन्देश प्रवाहको सुनिश्चता गर्ने।
- पोषणयुक्त स्थानीय खाद्य उत्पादन तथा उपभोगका लागि स्थानीय स्तरमा पैरवी गर्ने ।
- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत गाउँ/नगरपालिका तथा समुदाय स्तरमा सञ्चालन हुने तालिम, गोष्ठीमा सहभागी हुने र तालिम कार्यक्रम सञ्चालन गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने।
- गाउँ/नगरपालिकामा कार्यरत सामाजिक परिचालकहरु तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुसँग समन्वय र सहकार्य गरी सुनौला हजार दिनका घरपरिवारको पोषणको अवस्था सुधारको लागि घर पहिचान गरी घरभेट गरेर पोषण सम्बन्धी सचेतना गराउने।
- कडा शीघ्र कुपोषित (Severe Acute Malnutrition: SAM) र मध्यम शीघ्र कुपोषित (Moderate Acute Malnutrition: MAM) बालबालिकाका घरपरिवारका सदस्यहरुलाई स्वास्थ्य संस्थामा जानको लागि परामर्श (Counseling) गर्ने।
- स्वास्थ्य संस्थाहरुमा उपचार गराउन ल्याइएका बच्चाहरुका आमा तथा हेरचाह गर्ने व्यक्तिलाई स्वास्थ्य संस्थाहरु मार्फत शिशु तथा बाल्यकालीन पोषण र बहुक्षेत्रीय पोषण योजना अन्तर्गत तोकिएका सेवा सम्बन्धी परामर्श प्रदान भएको सुनिश्चिताको लागि स्वास्थ्य संस्थाहरुसँग समन्वय र सहजीकरण गर्ने ।
- पोषणमैत्री स्थानीय तहको प्रतिबद्धता पुरा गर्न पूर्ण पोषणयुक्त घर, गाँउ र वडा घोषणा अभियानका लागि सूचकहरु र विधि एवं प्रक्रियाबारे जानकारी गराउँदै स्थिति पत्र प्रकाशन गर्ने कार्यको लागि आवश्यक सुचना तथा तथ्यांक संकलन गर्ने ।
- पोषणमैत्री अभियानलाई सहयोग पुग्ने पूर्ण साक्षरता, पूर्ण खोप, पूर्ण सरसफाईयुक्त, खुला दिसामुक्त, घरभित्रको धुवाँरहित, किशोरीमैत्री सेवा प्रवाह जस्ता स्थानीय तहको अभियान/पहलमा सहयोगी भूमिका निर्वाह गर्ने ।
- स्वास्थ्य, सरसफाई र पोषणसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका अवसर तथा दिवसहरु (जस्तै राष्ट्रिय सरसफाई सप्ताह, विश्व हात धुने दिवस, विश्व वातावरण दिवस, पानी दिवस, विश्व चर्पी दिवस आदि) मनाउन पैरवी तथा सहजीकरण गर्ने।

२) योजना तर्जुमा

- बहुक्षेत्रीय पोषण योजनाका लाभान्वित व्यक्ति र समूहको पहिचान गरी सूची तयार गरी उक्त विवरण विषयगत शाखामा अभिलेखीकरणको लागि सहयोग गर्ने ।
- स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष सहभागी भई बस्तीस्तरबाट बहुक्षेत्रीय पोषण योजनासँग सम्बन्धित लाभान्वित/लक्षित वर्गको लागि तोकिएका योजना छनौट गर्न सहजीकरण र पैरवी गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनाको वार्षिक कार्यक्रम तयार गर्दा नियमित कार्यक्रम र लक्षित कार्यक्रम सञ्चालन हुने बस्ती/वडा पहिचान गरी सोही अनुसार कार्यक्रम र क्रियाकलापलाई अन्तिम रुप दिन निर्देशक समिति, बजेट तर्जुमा समिति र सम्बन्धित शाखामा सहजीकरण गर्ने।
- बस्तीस्तरबाट छनौट भई आएका पोषणसँग सम्बन्धित योजनाहरुको प्राथमिकरणका लागि वडा समिति तथा विषयगत समितिहरुमा पैरवी गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनासँग सम्बन्धित योजना तर्जुमा गर्दा योजनासँग सम्बन्धित रहेका स्वास्थ्य, कृषि, पशुपन्छी, शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका र शासकीय प्रबन्ध जस्ता क्षेत्र समेटेर योजना तर्जुमा गर्न सहजीकरण गर्ने ।
- गर्भवती महिला, सुनौला हजार दिनका आमा र बालबालिका र किशोरी लक्षित हुने गरी वार्षिक योजना निर्माण गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई आवश्यकता अनुसार सहजीकरण गर्ने ।
- गाउँ/नगरपालिकाको अल्पकालीन तथा दीर्घकालीन योजना निर्माणको क्रममा पोषण संवेदनशील र पोषण लक्षित योजना तर्जुमा गर्न सहजीकरण गर्ने ।

३) कार्यान्वयन

- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत गाउँ र नगर कार्यपालिका तथा विषयगत शाखाहरुले सञ्चालन गर्ने क्रियाकलापहरुको मासिक तथा चौमासिक रुपमा कार्य योजना बनाई सोही अनुरुप कार्यान्वियनका लागि सहयोग, सहजीकरण तथा समुदाय परिचालन गर्ने।
- कार्यक्रमसँग अन्तरसम्बन्धित क्रियाकलाप सञ्चालन गर्न गाउँ/नगरपालिकालाई सहयोग गर्ने।
- समुदाय स्तरमा सञ्चालन गरिने तालीम, गोष्ठि तथा अभियानहरुमा पोषणका विषयबस्तु, कार्यान्वियन खाका, विधि, प्रक्रियाको आन्तरिकीकरण गर्न आवश्यक सूचना प्रवाह गर्ने।
- गाउँ/नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकको नियमितताको लागि आवश्यक सहयोग र सहजीकरण गर्नुको साथै वडा स्तरमा पोषण तथा खाद्य सुरक्षा सहजीकरण समितिको नियमित बैठक गर्न समन्वय गर्ने।
- समुदायमा आधारित संस्था, स्वास्थ्य संस्था, विद्यालय, गैर सरकारी संस्था, सहकारी, महिला समूह, युवा तथा किशोरी समूह जस्ता सरोकारवाला निकायहरुसँग समन्वय गरी उनीहरुको नियमित कार्यक्रमहरुमा पोषण तथा पोषण सुधारका लागि सामाजिक व्यवहार परिवर्तनको आवश्यकता र महतव उल्लेख गर्दै पोषणको मुख्य सन्देश प्रवाह गर्न सहयोग गर्ने।
- महिला सहकारी वा समूहमा सञ्चालन हुने अनुदानमा आधारित आयआर्जनका कार्यक्रम गर्न सहजीकरण गर्ने।
- विद्यालयमा सञ्चालन हुने दिवा खाजा कार्यक्रम लगायतका पोषणसँग सम्बन्धित कार्यक्रमहरुको सहजीकरण गर्ने ।
- स्थानीय तहमा सरकारी तथा गैरसरकारी संस्थावाट सञ्चालन हुने पोषण सम्बन्धी कार्यक्रमहरुको मूलप्रवाहीकरणको लागि सहजीकरण गर्ने ।
- वार्षिक कार्यक्रम तयारी तथा कार्यान्वियन गर्दा तोकिएको दररेट अनुसार हुने सुनिश्चितताको गर्ने।

४) अनुगमन

- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत अनुगमन योजना तयार गरी अनुगमन गर्न सहजीकरण गर्ने।
- जिल्ला समन्वय समिति, प्रदेश सरकार, नेपाल सरकार तथा विकास साझेदारबाट हुने विभिन्न खालको अनुगमन कार्यमा समन्वय गर्ने र सोको प्रतिवेदन गर्ने ।

५) सूचना संकलन, तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन

- स्वास्थ्य चौकी, महिला स्वास्थ्य स्वयंसेविकासँग समन्वय/सम्पर्क गरी स्वास्थ्य सम्वन्धी तथ्याङ्क लिने तथा पोषण सम्वन्धी तथ्याङ्कहरु अध्यावधिक गर्ने ।
- गाउँ र नगरपालिकामा पोषणको क्षेत्रमा काम गर्ने संघ संस्थाहरु र ती निकायबाट सञ्चालन हुने कार्यक्रमको पहिचान गरी कार्यक्रम सञ्चालन गर्ने संस्था/निकाय, सम्पर्क व्यक्ति र कार्यक्रम सञ्चालन हुने क्षेत्र समेतका विवरण रजिष्टरमा खडा गरी व्यवस्थित गर्ने र आवश्यतानुसार शाखा, प्रमुख प्रशासकीय अधिकृत र निर्देशक समितिलाई उपलब्ध गराउने ।
- गाउँ।नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा सचिवालय स्थापना गर्न सहयोग गर्ने । सोको स्थापना पछि स्थानीय तहमा पोषणको क्षेत्रमा भएका क्रियाकलापको रेकर्ड व्यवस्थित गर्न समन्वय गर्ने ।
- गाउँ/नगरपालिकाको पोषण पाश्वचित्र तयार गर्न सहयोग गर्ने । पाश्वचित्र पहिलेनै बनिसकेको भएमा सोको अद्यावधिक गर्न आवश्यक तथ्याङ्क संकलन गर्ने र पाश्वचित्र बनाउन सहयोग गर्ने।
- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत कार्यपालिका तथा विषयगत शाखाहरुवाट सम्पन्न भएका क्रियाकलापको साथै योजनासँग सम्बन्धित उपलब्धि तथा सफल अभ्यासहरू संकलन र अभिलेखिकरण गर्ने ।
- पोषण सम्बन्धी प्रतिवेदनहरु स्थानीय तहमा सुरक्षित रुपमा अभिलेखीकरणको सुनिश्चिता गर्ने।
- तोकिएको ढाँचामा मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गरी सम्पर्क शाखा प्रमुख एवम् विषयगत शाखा प्रमुख मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने एवम् सोको एक प्रति प्रदेश र मन्त्रालयमा समेत पठाउने।
- मन्त्रालयले माग गरेको अवस्थामा बहुक्षेत्रीय पोषण योजनासंग सम्बन्धित प्रतिवेदनहरु उपलब्ध गराउने ।
- बहुक्षेत्रीय पोषण योजनाको Online Reporting System (WBRS) मा नियमित रूपमा प्रगति विवरण प्रविष्ट गरी विवरण प्रविष्टि भए/नभएको सुनिश्चितता गर्ने।